# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**
**लुम्बिनी प्रदेश, नेपाल**

**स्थानीय राजपत्र**

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: ११) |
|---|---|---|---|


## भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन २०८२

**प्रस्तावना**

बढ्दो शहरीकरण र जमिन खण्डिकरणका कारण घरपालुवा चौपाया छाडा छोड्ने तथा जङ्गली चौपायाहरु बढ्दै गएको र छाडा चौपायाको कारण विभिन्न गम्भिर प्रकारका रोग लाग्न सक्ने, मानव जिवनमा क्षति पुर्याउने, चौपायाका कारण बाली नष्ट गरिदिने, सवारी दुर्घटना भई मानव क्षति हुने क्रम बढ्दै गइरहेकाले बर्दघाट नगरपालिका क्षेत्र भित्रका छाडा चौपायको संरक्षण तथा व्यवस्थापन गर्न बाञ्छनिय भएकोले;

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगरपालिकाले यो ऐन बनाएको छ।

बर्दघाट नगरपालिका

## परिच्छेद - १ः

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन २०८२"** रहेको छ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"प्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) **"नगरपालिका"** भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) **"वडा"** भन्नाले बर्दघाट नगरपालिकाको वडा सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले बर्दघाट नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) **"सभा"** भन्नाले बर्दघाट नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(छ) **"घरधनी"** भन्नाले छाडा चौपायाको धनी वा मालिकलाई सम्झनु पर्दछ।

(ज) **"छाडा चौपाया"** भन्नाले स्थानीय घरधनिले खरिद गरी वा स्वतस्फूर्त रुपमा कम्तीमा एक हप्ता सम्म आफ्नो रेखदेख, नियन्त्रण वा सम्पर्कमा रहेको र खुला रुपमा सार्वजनिक रुपमा छोडिएको गाई, भैंसी, राँगा, गोरु, कुकुर, बाच्छा, बाच्छी, हात्ती, बाखा, सुँगुर बंगुर, खच्चड घोडा वा अन्य घरपालुवा जनावरलाई सम्झनु पर्दछ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ।

बर्दघाट नगरपालिका

(ञ) **"क्षतिपूर्ती"** भन्नाले छाडा चौपायाका कारण हुने हानी नोक्सानीको बदलामा तिर्नुपर्ने जरिवानालाई जनाउँछ।

(ट) **"हानी नोक्सानी"** भन्नाले छाडा चौपायाका कारण हुने क्षतिलाई सम्झनु पर्दछ।

(ठ) **"समिति"** भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

## परिच्छेद - २:

## छाडा चौपाया व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. छाडा चौपाया सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका भित्रका छाडा चौपायाको व्यवस्थापन देहाय बमोजिमका कुनै विधिबाट नगरपालिकाले गर्न सक्नेछः

क) नगरपालिका आफैले गौशाला र जनशक्ति व्यवस्थापनको माध्यमबाट।

ख) कुनै दर्तावाला संघ संस्था, सहकारी, गौशाला, समूहसँग प्रचलित कानुन बमोजिम सम्झौता गरी।

(२) घरधनीले आफूले पालेका चौपायाले अरुलाई हानी नोक्सानी वा वातावरणमा नकारात्मक असर नपर्ने गरी पाल्नुपर्नेछ। घरपालुवा चौपायालाई कुनैपनि स्थानमा छाडा रुपमा छोड्न पाईनेछैन।

(३) घरधनीले आफूले पालेका घरपालुवा चौपाया आफ्नो नियन्त्रणमा राखी चराउन वा डुलाउन सक्नेछ। तर उसको कारण कसैको पनि हानी नोक्सानी हुने, असर पर्ने र वातावरण बिग्रने हुनु हुँदैन।

(४) नगरपालिका क्षेत्र भित्रका कुनैपनी स्थानमा छाडा चौपाया छाडेको अवस्थामा नगरपालिकाले कारवाही वा जरिवाना गर्न सक्नेछ।

४. **छाडा चौपायाको व्यवस्थापन एवं संरक्षण** गर्ने निकायको दर्ता, नविकरण तथा स्विकृती सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ३

## छाडा चौपाया संरक्षण तथा व्यवस्थापन

**५. छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन समितिः**

(१) छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापनको कार्य गर्न बर्दघाट नगरपालिकामा एक छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिती रहनेछ।

(२) समितीमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| (क) नगर प्रमुख | **संयोजक** |
| (ख) उप प्रमुख | **सदस्य** |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | **सदस्य** |
| (घ) आर्थिक विकास समिति संयोजक | **सदस्य** |
| (ङ) पशुपन्छी विकास शाखा प्रमुख | **सदस्य सचिव** |

(३) समितीले सम्बन्धीत क्षेत्रको विशेषज्ञ वा अन्य व्यक्तिलाई समितीको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(४) समितीको बैठक सम्बन्धी अन्य कार्यविधी समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितीले यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ।

(६) समितिको सचिवालय नगरपालिकाको पशुपन्छी विकास शाखामा रहनेछ।

**६. समितिको काम कर्तव्य र अधिकारः**

(क) स्थानीय स्तरमा छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक निति तथा योजना तर्जुमा गर्ने।

(ख) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न संघिय, प्रादेशिक तथा सम्बन्धीत अन्य निकाय सँग समन्वय र सहकार्य गर्ने।

(ग) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने।

(घ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने।

(ङ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने सीप, प्रविधी तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने।

(च) नगरपालिकाले तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(छ) छाडा चौपाया व्यवस्थापन गर्न जग्गाको प्रबन्ध मिलाउन पहल गर्ने।

**७. छाडा पशु चौपायाबाट हानी नोक्सानीको क्षतिपूर्ती सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका भित्र कसैले चौपाया छाडा छाडेको खण्डमा त्यसबाट हुने क्षतिको पूर्ती निम्नअनुसार हुनेछः

(क) छाडा चौपायाबाट हुने बालि नाली र अन्य नोक्सानीको मूल्यॉंकन गरी त्यसको क्षतिपूर्ती।

(ख) वातावरणमा प्रभाव परेको खण्डमा समितिले तोके बमोजिमको जरिवाना।

(ग) घरपालुवा जनावर छाडा छोडेमा कानून बमोजिम जरिवाना हुनेछ।

## परिच्छेद - ४

## विविध

**८. दण्ड र सजायः**

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) उपदफा (३) र (४) विपरित चौपाया छाडा छोडेमा पाँच सय रुपैंयादेखि बिस हजार रुपैंयासम्म जरिवाना हुनेछ।

(ख) दफा ७ बमोजिम क्षतिपूर्ती नदिएमा त्यस्तो अटेर गर्नेलाई पाँच हजार रुपैंयादेखि बिस हजार रुपैंयासम्म जरिवाना हुनेछ र सो रकम सरकारी बाँकीसरह असूल उपर गरिनेछ ।

(२) जरिवाना रकम तोक्ने अधिकार छाडा चौपाय व्यवस्थापन समितिलाई हुनेछ। (३) यस ऐन विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ।

**९. बिमा सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम घरधनीले आफूले पालेका चौपायाको बिमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बिमा कार्य गर्न अख्तियार पाएको बिमा कम्पनीमा बिमा गर्न सक्नेछ।

(२) बिमा गर्ने प्रकृयाका सम्बन्धमा बिमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम व्यावसायिक रुपमा चौपाया पाल्न चाहेमा सम्बन्धीत निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागु हुने गरी सम्बन्धीत बिमा कम्पनीले बिमा गर्न सक्नेछ।

**१०. घरपालुवा पशु चौपायाको पहिचान र व्यवस्थापनः**

(१) नगरपालिकाभित्रका हरेक व्यक्ति, संस्था वा फर्मले आफुले पालेको चौपायाको नगरपालिकाको रोहवरमा ट्राङ्गिक गरी सो को विवरण पशु शाखामा बुझाउनु पर्नेछ ।

बेंशीशहर नगरपालिका

साथै निजको कुनै चौपायाको मृत्यु भएमा वा खरिद विक्रि भई संख्यामा हेरफेर भएमा सो को विवरण नगरपालिकामा अद्यावधिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम रहेका चौपाया अनुत्पादक भई कृषकले पालन पोषण गर्न नसक्ने अवस्था भएमा कानून वमोजिमको शुःल्क लिई नगरपालिकासँगको समन्वयमा व्यवस्थापन गर्न सक्नेछ ।

**११. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१२. नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

**१३. खारेजी र बचाउः** संघ र प्रदेशको कानून संग बाझिएमा स्वतः खारेज भएको मानिने छ।

**आज्ञाले,**

(**बाबुराम पौडेल**)

**प्रमुख प्रशासकीय अधिकृत**

बर्दघाट नगरपालिका